तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

चलानी नं.
पत्र संख्या :

# हार्दिक शुभकामना

मिति २०८२।०५।०८

नेपाली महिलाहरुको महान पर्व हरितालिका तीज (२०८२ भाद्र १० गते मङ्गलबार) को पावन अवसरमा तानसेन नगरबासी, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदी बहिनिहरुमा पारिवारिक सुख शान्ती र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हरितालिका तीजलाई नेपाली महिलाहरुले एक सनातन सांस्कृतिक पर्वको रुपमा मनाउदै आएका छन । भाद्र शुक्लपक्ष तृतीयाका दिन पर्ने यस पर्वमा महिलाहरुले भगवान शिव-पार्वतीको पूजा आरधना गर्दै आफ्नो सौभाग्य, परिवारको सुख, सुस्वास्थ्य र दिर्घायुको कामना सहित उपवास बस्नाले मनोकामना पुरा हुने विश्वास रहिआएको छ । यस्ता सांस्कृतिक पर्वहरुले सबै नेपालीहरुको बीचमा विविधतामा एकता, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम गर्न सहयोग पुर्‍याईरहेका हुन्छन । हरितालिका तीजको मौलिकतालाई कायम राख्दै यसको सांस्कृतिक महत्वको जगेर्ना गर्न यो पर्व मनाउने सन्दर्भमा देखिने गरेको भड्किलोपन र खर्चिलोपनलाई हटाउदै जानु अति आवश्यक रहेको छ ।

अन्तमा हरितालिका तीजले नेपाली महिलाहरुलाई समाजमा विद्यमान लैंगिक विभेद, जातीय विभेद लगायत सबै प्रकारका असमानताहरुको अन्त्य गर्दै समतामूलक समाजको निर्माण तर्फ अग्रसर हुन उत्प्रेरित गर्न सकोस भन्ने सुभेच्छा व्यक्त गर्दछौं । मौलिक संस्कृति र परम्पराहरुलाई संरक्षण तथा प्रवर्धन गर्ने गरी यो चाड मनाइनुहुन सम्पूर्ण नगरवासीहरुमा अनुरोध गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

| पिताम्बर पाण्डे | प्रतिक्षा सिंजाली | सन्तोष लाल श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप प्रमुख | प्रमुख |
| पिताम्बर पाण्डे<br>प्रमुख प्रशासकीय अधिकृत | नगर उप-प्रमुख | सन्तोष लाल श्रेष्ठ<br>नगर प्रमुख |